प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं. १, विराटनगर,नेपाल


प.स.

च. नं.

## सूचना ॥

प्रकाशित मिति २०७९।१०।२१

यस मन्त्रालयका माननीय मन्त्री ज्यूको निवास प्रयोजनार्थ तपसिलको मापदण्ड भित्रको घर भाडामा लिनु पर्ने भएको हुँदा ईच्छुक घरधनीबाट यो सुचना भएको मितिबाट ७ दिन भित्र यस मन्त्रालयमा कार्यालय समयमा आईपुग्ने गरि आफुले लिन चाहेको बहाल दररेट खुलाई रीतपुर्वक निवेदन पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) भाडामा लिने घर विराटनगर महानगरपालिका क्षेत्रभित्र यस मन्त्रालयबाट करिब ५ किलोमिटरको दुरीभित्र हुनु पर्नेछ ।

२) चारैतिर कम्पाउण्ड वालले घेराबार भएको हुनुपर्नेछ ।

३) पर्याप्त गाडि पार्किङको सुविधा हुनु पर्नेछ ।

४) घरमा बिधुत, धारा, किचन, पानी, शौचालयको सुविधा हुन पर्नेछ ।

५) बहालमा लिने घर कम्तिमा दुई तला भएको हुनुपर्नेछ । बहालमा लाउने घरमा कम्तिमा ६(छ) वटा कोठाको हुनु पर्नेछ ।

६) बहालमा लिने घर माननीय मन्त्रीज्यूलाई आवास प्रयोजनार्थ उपयूक्त हुने किसिमको हुनुपर्नेछ ।

७) घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हाल सम्मको सबै किसिमको कर र दस्तुर तथा पानि तथा विजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपि सहित निवेदन पेश गर्नु पर्नेछ ।

८) आफुले भाडामा दिन चाहेको घर जग्गा मासिक कति भाडा दरमा दिन सकिने हो ? सो को तला अनुसारको घरभाडा उल्लेख गरि बहाल कर सहितको मासिक भाडा दर अंक र अक्षरमा खुलाई निवेदन पेश गर्नु पर्नेछ ।

९) नियमानुसार घरबहाल कर कट्टा गरि भुक्तानि गरिनेछ ।

१०) निवेदन पेश भएका घर भाडामा लिने तथा नलिने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

शाखा अधिकृत


फोन नं. ०२१- ४४२३८४ फ्याक्स नं. ०२१-५३४०८२ ...